# आर्थिक वर्ष.२०८०/०८१ को

# नीति तथा कार्यक्रम




## ठाकुरबाबा नगरपालिका

## सैनवार, बर्दिया

*"समुन्नत ठाकुरबाबा, सबल नगरावासी"*

**ठाकुरबाबा नगरपालिकाका नगर सभा अध्यक्षा ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, नगर सभाका सदस्यहज्यूरु तथा सम्पूर्ण नगरवासी आमाबुवा दाजुभाई तथा दिदिबहिनीहरु**

ठाकुरबाबा नगरपालिकाको नगर सभाको १३ औ अधिबेशनमा हार्दिक स्वागत गर्दछु।

सघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थानीय सरकारको हैसियतले यो सातौ नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउदा गौरवान्वित छु । ठाकुरबाबा नगरपालिकाको १३ औ अधिवेशनमा हार्दिक स्वागत गर्दछु । आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम यस गरिमामय नगर सभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ |

२०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको दोश्रो निर्वाचनबाट हामीलाई मतदान मार्फत निर्वाचित गर्नुहुने आदरणीय ठाकुरबाबासी आमा, बुवा, दाजुभाई, दिदीबहिनीहरु लगायत सबैमा हार्दिक आभार प्रकट गर्दछु |यस अवसरमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्वशासनको लागि नेपाली जनताले गर्दै आएका जनआन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्दछु

नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरेका काम,कर्तव्य र अधिकारभित्र रही भैरहेका कामहरुको निरन्तरताका साथै हाम्रो कार्यकालमा ठाकुरबाबा नगरबासीले सकारात्मक परिवर्तनको अनुभुति गर्ने गरी केहि योजना अगाडि बढाएका छौं। ठाकुरबाबा नगरपालिकाको विकास, सुधार र समृद्धिका लागि नेपालको संबिधान तथा संघीय, प्रदेश र स्थानीय कानुनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गरी समन्वय सहकार्य र सहअस्तित्वलाइ कायम राख्दै तथा कानुनतः निर्देशित काम,कर्तब्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं|

नगरपालिकाको दिगो कृषि र पर्यटन वातावरण मैत्री विकास नगरपालिका विकास सम्भावनाको पहिलो क्षेत्र हो | सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्न अनिवार्य छ | स्वच्छ, सफा, हरियालीयुक्त पर्यावरण विकास गरी ठाकुरबाबा नगरपालिकालाइ साच्चिकै सुन्दर बनाउने हाम्रो ध्येय रहेको छ |

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ | जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास गर्दै सहज र सरल किसिमले सेवा प्रदान गरिनेछ | शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि, पशुविकास, उद्यमशीलता, सामाजिक बिकास, युवा तथा खेलकुद, भौतिक पूर्बाधार विकास, खानेपानी तथा सरसफाई, वातावरण सरक्षण ताथ विपद ब्यवस्थापन, न्याय निरुपण जस्ता बिषयगत क्षेत्रहरुका लागि बिशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु |

आगामी आर्थिक बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभाबकारी कार्यान्वयन गर्न आम नगरबासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभाबहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु |

**आर्थिक बर्ष २०७९/०८० को नीतिको समीक्षा:**

१) ठाकुरबाबा नगरपालिकाको आवधिक योजना नगर पार्शवचित्र मध्यकालीन खर्च सरचना कर्मचारी सगठन तथा व्यवस्थापन सर्वेक्षण राजश्व सुधार कार्ययोजना तयार गरिएको छ ।

२) कक्षा १ देखि १० सम्म सवै विद्यालयमा शुल्क रहित शिक्षाा घोषणा गरी कार्यान्वयन भएको छ ।

३) नियिमत खेलकूद प्रतियोगिता सञ्चालन तथा राष्ट्रिय अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिता र खेलाडी सम्मान गरिदै आएको छ ।

४) आधारभूत नगर अस्पतालमा थप जनशक्ति व्यवस्थापन गरी भिडियो एक्सरे विरामी भर्ना सामान्य शल्यक्रिया सहित २४ घण्टा एमरजेन्सि सेवा सञचालन भएको छ ।

५) आधारभूत नगर अस्पतालबाटै स्वास्थ्य विमा सेवा शुरु गरिएको छ ।

६) नगर अस्पतालबाट निशुल्क रेविज खोप सेवा र गर्भवति महिलाहरुलाई निशुल्क भिडियो एक्सरे सेवा प्रदान गरिदै आएको छ

७) त्रैमासिक रुपमा बृहत रक्तदान शिविर सञ्चालन गरिदै आएको छ ।

८) थालासेमिया रोगका विरामीलाई मासिक रु ३ हजार उपचार खर्च उपलब्ध गराइदै आएको छ ।

९) मुटु मृगौला र क्यान्सर रोगको उपचारार्थ १०९ जना विपन्न नागिरकलाइ सिफारिस गरिएको छ ।

१०)नसर्ने रोगको रोकथाम र न्यूनिकरणाका लागि २० वर्ष माथिका २०० जनाको मधुमेह र रक्तचापको स्क्रिनिङ्ग परिक्षण गरिएको छ ।

११)बर्थीग सेन्टर स्तरउन्नति गरी वातानुकूलित बनाइएको छ ।

१२)सङ्घीय सरकारसँगको समन्वयमा पहिलो मात्रा ४३६६८ र पूर्ण खोप ४३०६१ ले लगाई ९३७९ प्रतिशत जनालाई  कोभिड -१९ बिरुद्धको खोप र १५ महिनादेखि १५ बर्षसम्मका ११९०० जना बालबालिकाहरुलाई टाइफाइड बिरुद्धको खोप प्रदान गरिएको छ ।

१३)भूमिहिन दलित, सुकुम्बासी र अव्यवस्थित वसोवासी गरी ४०४६जनाको लगत सकलन गरी नापजाचको काम शुरु गरिएको छ

१४)सम्पूर्ण प्रत्रिया पुरा गरी जिल्लामा नै पहिलोपटक कित्ताकाट गर्ने कार्यको शुरुवात भएको छ ।

१५) DGPS सिस्टमबाट जग्गााको नापनक्शा तयारी गर्ने कार्यको शुरुवात भएको छ

१६)युवाहरुलाई दिगो तथा सम्मानित रोजगारीका लागि सिटिभिटि लेभल २ को ३६९६ घण्टे तालिमहरु सञ्चालन गरिएको ।

१७) सिपयुक्त महिला आत्मनिर्भर महिलाको नारा वमोजिम किशोरीहरुका लागि लेभल १ को ३९६ घण्टे तालिम र महिलाहरुलाई  उद्यमशिलता तालिम प्रदान गरि व्यवसाय सञ्चालनमा सहयोग गरिएको छ ।

१८) नगर क्षेत्रभित्रका डुवानले क्षति पुर्याउने क्षेत्र पहिचान गरी बर्दिया राष्ट्रिय निकुञजसगको समन्वयमा पानी बगिरहेको बाटोको रुकावट खोल्ने तथा अन्य व्यवस्थाकीय काम गरिएको छ ।

१९) बाढीबाट तथा अन्य प्राकृतिक प्रकोपबाट थप क्षती हुन नदिन तथा तत्काल मर्मत सम्भारका लागि आवश्यक उपकरण, निर्माण सामग्री र जनशक्ति सहितको तयारी अवस्थामा र उद्धार पुनस्थापना सामाग्री भणडारण कन्टेनर स्थापना गरिएको छ ।

२०) ३७ किमि सडकको डिपीआर तयार गर्ने काम सम्पन्न भएको छ ।

२१) पर्यटकीय सडकको वातावरणीय प्रभाव मंल्याकन गर्ने काम अन्तिम चरणामा रहेकोछ ।

२२) रुपैडिया नाकाबाट अध्यागमन सुचारु गर्न र धनैारा नाका खोल्न पहल गरिएको छ ।

२३)पर्यटन व्यवसायीहरुको सुझाव अनुसार तेश्रो मुलुकबाट आउने पर्यटकहरुको लागि निकुञ्ज प्रवेश शुल्क प्रतिदिन प्रतिव्यक्ति लिदै आएकोमा सोको अवधि ३ दिनसम्म बढाउनका लागि पहल गरिएको छ ।

२४) सार्वजनिक जग्गाहरु खोजी खाली गराउने कार्यको थालनी गरिएको छ ।

२५)१३.५२ कि.मी. सडक कालोपत्रे, १० किमि ग्राभेल, ५ वटा कलभर्ट र १ वटा ट्रष्ट ब्रिज ५ वटा सामुदायिक भवन निर्माण कार्य सम्पन्न भएको छ

२६) सुविधा सम्पन्न आफ्नै वडा भवनबाट सेवा प्रवाह गर्ने उद्देश्यले वडा कार्यालय भवन निर्माण कार्यलाई निरन्तरता दिई चालु आर्थिक बर्षमा वडा नं. ३ ८ र ९ को भवन निर्माण सम्पन्न भएको छ ।

२७) संस्कृतिको संरक्षण, सबर्धन र प्रबर्धनका लागि भुरिगाउ बजारका सस्थापक देविरामके शालिक र ठाकुरद्धारामा थारु चोक निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

२८) ठाकुरबाबा नगरपालिकालाई देशकै पहिलो हातधुने पालिका घोषणा गरिएको छ ।

२९) स्थानीय कानुनका रुपमा नगरपालिकाबाट ५वटा ऐन र ४ वटा नियमावली,३ वटा नीति २१ वटा कार्यविधि,४ निर्देशिका र १ मापदण्ड जारी गरिएको छ ।

२९ कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता परियोजना लागु गरी कृषि र पशुको व्यवसायिक उत्पादन र बजारीकरणको कार्य शुरु गरिएको छ ।

३० ७५ वटा विवादहरु दर्ता भएकोमा ५८ वटा विवादहरु मेलमिलाप गराइएको छ ।

**अब म नगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ को नीति र कार्यक्रम यस नगर सभाको बैठकमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

नगरपालिकाको दीर्घकालिन सोच "**समुन्नत नगरपालिका, सबल नगरवासी**" रहेको छ । यस सोचलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु अबलम्बन गरिनेछन् ।

१. आधुनिक सूचना तथा संचार प्रविधिको उच्चतम प्रयोग गरीनगरपालिको सेवा शिक्षालाइ सहज बनाउने ।
२. कृषि र पशुको उत्पादकत्व बढाइ आर्थिक रुपान्तरण गर्ने ।
३. प्राकृतिक, सांस्कृतिक पर्यटन, नव प्रबर्तनमा आधारित उद्यम र संस्थागत सुशासनलाई प्राथमिकतामा राखी योजना तथा कार्यक्रम संचालन गर्ने ।
४. स्थानीय शासनमा जनसहभागिता अभिवृद्धि गर्दै उत्तरदायी र पारदर्शी स्थानीय सरकारको भूमिका निर्वाह गर्ने ।
५. नगरपालिका क्षेत्र भित्रका जग्गा प्लटिङ्ग गरी विक्री वितरण गर्दा सार्वजिनक उपयोगको क्षेत्र छुट्याएर मात्र जग्गा पास गर्ने नीति अवलम्बन गर्ने ।
६. नगरपालिकालाइ स्वच्छ, सफा, हरियाली तथा सुरक्षित र समुन्नत सहरको रुपमा विकास गर्ने ।
७. बालबालिकाको समग्र विकास गर्दै जिम्मेवार र योग्य नागरिक तयार गर्न समुदाय स्तरमा प्रारम्भिक वालविकास कार्यक्रम नियमित रुपमा सञ्चालन गर्ने ।
८. वैदेशिक रोजगारीलाई सुरक्षित मर्यादित र शोषणरहित बनाउन आवक्षयक सहयोग गर्नूका साथै वैदेशिक रोजगारबाट फर्केका व्यक्तिलाई पुन एकीकरण गर्न समन्वय सहकारी र साझेदारी गर्ने
९. उद्यमशीलता विकास गर्ने नवीन सोच ज्ञान सिप र पुजी र प्रविधिलाई उपयोग गर्दै स्थानीय अर्थतन्त्रलाई गतिशील र सुदृढ बनाउने ।
१०. टोल विकास सस्थाहरुमार्फत योजना अनुगमन,टोल सरसफाइ जनचेतनामूलक कार्यक्रम र सडक बृक्षारोपण कार्यक्रमलाइ अभियानको रुपमा सञ्चालन गर्ने
११. नगरपालिकामा बसोवास गर्ने विभिन्न विषयका विज्ञहरुको विज्ञतालाइ नगरको समग्र विकासका लागि सल्लाह सुझाव लिन विज्ञ समूह गठन गर्ने।

१२. सामाजिक सुरक्षा भत्तालाई समाजसेवामा लगाउन चाहाने तथा अन्य क्षेत्रका समाजसेवा गर्ने व्यक्तिहरुलाई आह्वान गरी ***मेरो योगदानमा मेरो परियोजना*** नामक विशेष कार्क्रम सञ्चालन गर्ने ।

१३.श्रम शक्तिको पलायन रोक्न सघन कृषि र पशु विकास सम्बन्धि कार्यक्रम सञ्चालन गर्न जग्गा करारमा लिइ प्रधानमन्त्री रोजगारका जनशक्तिलाई उत्पादन सग जोड्ने गरी नमुना परियाोजना सञ्चालन गर्ने ।

१४. नदी उकास, सार्वजनिक जग्गामा बगर खेती, तरकारी खेती तथा फलफूल खेती जस्ता व्यवसायिक कार्यक्रम सञ्चालन गरी जीविकोपार्जनमा सहयोग पुर्याउने ।

१५.नगर क्षेत्रभित्र निर्माण भएका बाटोको थप क्षती हुन नदिन तथा तत्काल मर्मत सम्भार गर्न पालिकको आवश्यक उपकरण, निर्माण सामग्री र जनशक्ति सहितको सेवालाई प्रयोग गरी निर्माण तथा मर्मत कार्यमा प्रयोग गर्ने नीति लिइनेछ ।

१६. मानव विकासको आधार स्तरीय र सुरक्षित पूर्वाधार भन्ने नारा सहित पूर्वाधार आयोजनाकमा काम गर्ने श्रमिकको दुर्घटना विमा सुरक्षित ओजार तथा ज्याला प्रप्तिको सुनसश्चिितता पश्चात भुक्तानी दिने गरी श्रमिक मैत्री नीति लिइनेछ ।

**१७.** बैक, वित्तिय सस्था तथा सहकारीहरुलाई सामाजिक उत्तरुदायित्व कार्यक्रम अन्तर्गत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न उत्प्रेरित गरिनेछ ।

**सम्मानित सभाका अध्यक्ष महोदय,**

**अब म क्षेत्रगत रुपमा अवलम्बन गरिने नीति तथा कार्यक्रमलाई प्रस्तुत गर्न चाहन्छु ।**

## सामाजिक विकास क्षेत्र

### शिक्षा सम्बन्धी नीति:

१ शिक्षालाई जीवनोपयोगी र व्यवसायिक बनाउँदै लगिनेछ साथै प्राथमिक र आधारभूत तहको पाठ्यक्रम परिमार्जन गरी नैतिक शिक्षालाई समावेश गरिनेछ ।

२ अनाथ तथा असहाय बालबालिकाका लागि आवासिय विद्यालय सञ्चालन गरिनेछ

३ विद्यार्थीहरुको सिकाइ उपलब्धी बढाउन विशेष आवश्यकता भएका विद्यार्थीहरु तथा अल्पसख्यक खोनाहा तथा मुस्लिम समुदायका वालवालिकाकालाई

अतिरिक्त कक्षा सञ्चालनको व्यवस्था मिलाइनेछ ।

४ **सामुदायिक** विद्यालयमा महिला शिक्षकको सख्या ५० प्रतिशत पुर्याउने नीति अवलम्बन गरिनेछ साथै महिला शिक्षकको नेतृत्व विकास गर्न प्राथमिक विद्यालयमा ३३ प्रतिशत, आधारभूत र माध्यमिक विद्यालयमा कम्तिमा १ /१ जना महिला प्रधानाध्यापकको व्यवस्थापन गरिनेछ ।

५ कम्तिमा २ वटा विद्यालयलाई महिला मैत्री नमूना विद्यालयको रुपमा विकास गर्न व्यवस्थापन समिति तथा शिक्षकहरु महिलाहरु हुने व्यवस्था मिलाइनेछ ।

६ सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरुलाई प्रविधिमैत्री सीप बिकास, शिक्षण कला, क्षमता विकास र असल अभ्यास शिक्षण सिकाई आदान प्रदानका कार्यक्रमहरु संचालन गरिनेछ |

७ विद्यालयमा विद्यार्थीले मोवाइल तथा जकफुड लैजाने कार्यलाई निरुत्साहित गरिनेछ साथै स्थानीय उत्पादनहरु प्रयोग गरी गुणस्तरीय र पोषणयुक्त दिवाखाजा उपलब्ध गराउने नीति लिइनेछ ।

७ विषयगत शिक्षकहरुको रोष्टर तयार गरी हप्ताको १ दिन रोष्टर शिक्षकबाट सवै विद्यालयमा एकैसाथ भर्चुअल कक्षा सञचालनको व्यवस्था गरिनेछ ।

८ सेवा निवृत शिक्षकहरुको ज्ञान र सिपलाई थप उपयोग गर्न इच्छुक स्वयमसेवक शिक्षकहरुको रोष्टर तयार गरी विभिन्न विद्यालयहरुमा भिजिटर शिक्षकबाट कक्षा सञचालनको व्यवस्था मिलाईनेछ ।

९ सामुदायिक विद्यालयहरुको विद्यालय परिसर सुधार कार्यक्रम संचालन गरिनेछ | यस अन्तर्गत शौचालय निर्माण र स्तरोन्नति, निःशुल्क सेनेटरी प्याड र प्याड डिस्पोजेबल मेशिन, सुरक्षित पिउने पानीको व्यवस्था गरिनेछ |

१० संस्थागत विद्यालयहरुको शुल्क मापदण्ड र बर्गिकरणका आधारमा निर्धारण गरिनेछ | सामुदायिक र संस्थागत विद्यालयहरुबिच गुणस्तर बिकास र असल अभ्यासको सिकाई आदान प्रदान गरिनेछ |

११ सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार र मनोसामाजिक परामर्शका लागि नगरपालिकाका स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई परिचालन गरिनेछ र नमुना विद्यालयमा विद्यालय नर्सको व्यवस्था गरिनेछ ।

१२ सामुदायिक विद्यालयमा अभिभावकलाई थप उत्तरदायी बनाउन शिक्षा क्षेत्रमा काम गर्ने सघ सस्थाको समन्वय र सहकार्यमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

१३ **उत्कृष्ट विद्यालयलाइ सम्मान कमजोरलाइ प्रोत्साहन** भन्ने नारा सहित प्रदेश प्रमुख शैक्षिक विकास कार्यक्रमलाई पंरभावकारी रुपमा सञ्चालन गर्दै बालविकास देखि कक्षा १२ सम्मका वालवालिकालाइ शैक्षिक सामाग्री समेत वितरण गरिनेछ ।

१४ जगदम्बा मावि मढेला शिवसुन्दर मा वि सुन्दरपुर आई सि टि ल्याव, जनज्योति मावि बकुवामा विज्ञान ल्याव किसान मा वि बनकट्टीमा खेलमैदान व्यवस्थापन सञ्चालन गरिनेछ ।

१५ जनता आ वि तुलसिपुर, जनचाहना आवि डुम्रेनि र ज्ञानोदय प्रावि सतघरुवा, श्री प्रा वि कालिगौडी लगायत जीर्ण भौतिक सरचना भएका विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गरिनेछ ।

१६ नगरपालिका भित्र रहेका क्याम्पसहरुको दिर्घकालीन व्यवस्थापनका लागि प्रदेश सरकारको सहकार्यमा आवश्यक भौतिक निर्माणका साथै अन्य व्यवस्थापकीय कार्यहरु सञ्चालन गरिनेछ ।

१७ वृत्ति मार्गनिर्देशन कार्यक्रम आधारभूत तह कक्षाा ८ का विद्यालयका विद्यार्थीलाई केन्द्रित गरी सञ्चालन गर्ने बालबालिकालाई आफ्नो लक्ष्य आफै पहिल्याउन सक्ने बनाइनेछ ।

१८ **आजको सिकाई भोलिको कमाई** भन्ने नारा सहित दिगो तथा सम्मानित रोजगारीका लागि व्यवसायिक सिपमूलक तालिमहरुलाई निरन्तरता दिइनेछ । साथै औद्योगिक प्रशिक्षार्थी तालिममा सहभागी हुन चाहाने विद्यार्थीका लागि सामुहिक आवासिय सुविधाका लागि सहयोग उपलब्ध गराइनेछ ।

१९ नगरपालिका भित्रका क्याम्पसमा अध्ययन गरिरहेका विपन्न परिवारका विद्यार्थीहरुलाइ सामाजिक अनुसन्धानमूलक कार्य गर्न सहयोग उपलब्ध गराइनेछ ।

२० दिर्घसेवा गरी स्वेच्छिक अवकाश हुन चाहाने शिक्षकलाई सम्मान सहितको सुनौलो अवकाश योजना कार्यक्रम सञ्चालन गरिनेछ ।

२१ गुरुकूल शिक्षा सञ्चालनको कार्य अगाडि बढाइनेछ ।

२२ विद्यालयहरुमा बाललक्ब, इकोक्लवहरु गठन गरी हरित विद्यालय कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

## खेलकूद सम्बन्धि नीति

२२ ठाकुरबाबाको पहिचानको रुपमा खो खो खेललाई विशेष रुपले प्रवर्द्धन गर्न प्रदेश सरकार, बैक, वितीय सस्था, सहकारीहरु, संघसंस्थाहरुसंगको सहकार्यमा राष्ट्रिय स्तरको प्रतियोगिता सञ्चालन गरिनेछ।

२३ नियमित रुपमा राष्ट्रपति रनिग शिल्ड प्रतियोगिता सञ्चालन गरिनुाका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा सहभागी गराइनेछ ।

२४ फूटबल खेलप्रति बढ्दै गइरहेको रुचिलाई ध्यानमा राख्दै युवाहरुलाई निरन्तर खेलमा अभिप्रेरित गर्न ***मेयर कप*** फूटवल प्रतियोगिता सञ्चालन गरिनेछ ।

२५ राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पदक प्राप्त गर्ने खेलाडीलाइ खेलमा नियमित रुपमा लागिरहन विशेष सम्मानका कार्यक्रम सञ्चालन गरिनेछ।

२५ क्रिकेट खेललाई प्रवर्द्धन गर्न खेल मैदानलाई स्तरउन्नति गरिनेछ ।

२६ खेलकुदको माध्यमबाट युवाहरुको व्यक्तित्व बिकास गर्न नगरपालिका क्षेत्रमा खुल्ला ब्यायामशाला, खेलमैदान तथा अन्य भौतिक पूर्वाधार बिकास र विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ

२७ विद्यालयमा नियमित खेलका गतिविधि सञ्चालन गर्न खेलकूद  प्रशिक्षक परिचालन कार्यक्रमलाई निरन्तरता दिइनेछ |

**स्वास्थ्य सम्बन्धी नीति**:

२८ आधारभूत नगर अस्पतालबाट २४ सै घण्टा एमरजेन्सी सेवा तथा आधारभूत स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकिबाट नियमित रुपमा गुणस्तरिय स्वास्थ्य सुविधा प्रदान गरिनेछ ।साथै स्वास्थ्य सस्थाबाट उत्सर्जन हुने फोहरबाट सक्रमण फैलिन नदिन सवै प्रकारको फोहर व्यवस्थापनका लागि आवश्यक कार्यक्रमहरु सञचालन गरिनेछ ।

२९ **मेरो स्वास्थ्य मेरो जीवन** भन्ने नारा सहित ४० वर्ष माथिका सवै नागरिकको रक्तचाप, मधुमेह र मृगौलाको निशुल्क चेकजाच गर्नुका साथै किशोर किशोरीहरुको रक्त अल्पता पहिचान र उपचार गर्रिनेछ । साथै साने उमेरदेखि स्वास्थ्य अवस्थाबारे सचेत बनाउन विद्यालयमा अध्ययनरत  बालबालिकालाई स्वास्थ्य कार्डको शुरुवात गरिने छ ।

३० नगर अस्पतालबाट प्रदान गर्दै आइरहेको रेविज विरुद्धको खोप लगाउने व्यवस्थालाइ निरन्तरता दिदै सर्पको टोकाइको उपचारका लागि आवश्यक जनशक्ति तयार गरी उपचारको प्रबन्न्ध मिलाइनेछ  नगर साथै नगर अस्पतालबाटै पोष्टमार्टम सेवा शुरु गरिनेछ ।

३१ नगरपालिकामा स्वास्थ्य क्षेत्रका दक्ष जनशक्ति उत्पादन गर्नका लागि १ जना छात्रालाई एम वि वि एस अध्ययन गर्न २५ प्रतिशत र  एसिस्टेन्ट एनेस्थेसिया अध्ययन गर्न विपन्न परिवारका १ जनालाई छात्रवृत्ति उपलब्ध गराइनेछ ।

३२ रोग लाग्नु पूर्व नै रोकथामका लागि नागरिक आरोग्यता प्रबर्धनका कार्यक्रम उपयुक्त आहार, बिहार, ध्यान, योग, प्राणायाम आदिबारे सबै वडा र बिद्यालयमा सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३३ नागरिक आरोग्य केन्द्रबाट प्रदान गरिने सेवाको निरन्तरताको साथै फिजियोथेरापि सेवा विस्तार गरिनेछ ।

३४ मानव अङ्ग प्रत्यारोपण गरेका विरामीहरुका लागि थप औषिधि उपचारका लागि सहायता प्रदान गरिनेछ ।

३५ विभिन्न कारणले हुने दुर्घटनाबाट हुने मानवीय क्षति न्यूनिकरण गर्न हाइवे ट्रमा सेन्टरको स्थापनाका लागि पहल गरिनेछ ।

३६ सार्वजनिक स्थलमा धुम्रपान गर्न निषेध गर्ने व्यवस्था तथा सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने ऐनलाई प्रभाबकारी कार्यान्वयन गर्ने प्रबन्ध मिलाइनेछ ।

३७ नगर क्षेत्रभित्र रहेका सबै प्रकारका स्वास्थ्य संस्थाहरुको अभिलेख व्यवस्थित गरिनेछ ।

३८ **पूर्ण सुरक्षित मातृत्व सेवायुक्त स्थानीय तह** भन्ने नारा सहित सुत्केरी तथा नवजात शिशुको स्वास्थ्य र पोषणमा सुधार ल्याउन **उपप्रमुख सुरक्षित मातृशिशु कार्यक्रम** सञ्चालन गरिनेछ ।

३९ बाह्य स्वास्थ्य सस्थामा रेफर गर्नुपर्ने सुत्केरी तथा महिला स्वास्थय स्वयमसेविकाका लागि निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ । साथै निशुल्क आँखा परिक्षण तथा मोतियाविन्दुको शल्यक्रिया शिविर अन्य स्वास्थ्य शिविरहरु सञचालन गरिनेछ

४० नगर अस्पतालमै पाठेघरको मुखको क्यान्सर परिक्षण तथा सिकलसेल र थालासेमियाको उपचार पद्धतिका लागि स्वास्थ्यकर्मिलाई तालिम प्रदान गरिनेछ

। सिकलसेल तथा थालासेमिया रोगका विरामिहरुका लागि थप तथा सुलभ उपचार सेवा प्रदान गर्नका लागि आवश्यक कार्यहरु गरिनेछ ।

४१ दिर्घसेवा गरी अवकाश हुने महिला स्वयसेविकालाई प्रदान गरिदै आएको सुनौलो अवकाश योजनालाई थप सेवा सुविधा सहित निरन्तरता दिइनेछ साथै कर्मचारीलाई सम्मान सहितको सुनौलो अवकाश योजना सञ्चालन गरिनेछ ।

४२ उपभोक्ता हक, हित र स्वास्थ्यलाई सरक्षण गर्न नियमित रुपमा बजार अनुगमन गर्ने कार्य कडाइका साथ लागु गरिनेछ । साथै पूर्ण हातधुने अभियानको निरन्तरताका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ

४३ सुत्केरी महिलाका लागि पोषण सहितको न्यानो झोला वितरण गर्न स्थानीय उत्पादनलाई प्राथमिकता दिइनेछ र त्यस्ता उद्योग स्थानीय तहमा सञचाल गर्न प्रोत्साहन गरिनेछ ।

४४ लागु पदार्थ दुर्व्यसन रोक्न प्रहरीसगको साझेदारीमा समुदाय तथा विद्यालयहरुमा सचेतना तथा परिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

**लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति :**

४५ नगरपालिकाबाट गैरसरकारी संस्था मार्फत गरिने बिभिन्न क्षेत्रगत सामाजिक कार्यहरुलाई थप ब्यबस्थित र उपलब्धिमूलक बनाउन एकीकृत गरी **उपप्रमुख सामाजिक कार्यक्रम** संचालन गरिनेछ |

४६ विभिन्न क्षेत्रमा क्रियाशील अगुवा महिला तथा जनप्रतिनिधिहरुका लागि विभिन्न सघसस्थाहरुको समेत सहयोगमा नेतृत्व विकास तालिम तथा जनप्रतिनिधिहरु र कर्मचारीका लागि लैगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि तालिम लैगिक उत्तरदायी बजेट निर्माण तालिमहरु सञ्चालन गरिनेछ ।

४७ विपन्न, अपाग, एकल, द्धन्द्ध पीडित, मुक्त कमलरी, सुकुम्वासी परिवारका महिलाहरुलाइ सीपमूलक तालिम दिई आय आर्जन बृद्धि गर्न स्वरोजगार कोष तथा वित्तिय सस्थाहरुबाट सुलभ कर्जा उपलब्ध हुने व्यवस्था मिलाइनेछ |

४८ सरकारी सेवामा मूल प्रवाहीकरणका लागि लक्षित बर्ग विशेष तयारी कक्षाहरु सञ्चालन गरिनेछ । यस खालको कार्यक्रम सञचालन गर्दा कम्तिमा ५० प्रतिशत महिलाको सहभागिता सुनिश्चित गरिनेछ ।

४९ विशेष क्षमता भएका वयक्तिका लागि  अपाग लक्षित आयआर्जन तथा सिप विकास कार्यक्रम सञ्चालन गरिनेछ साथै अपागता विशेष व्यवसायमा रु १ लाख बराबरको ऋणमा शतप्रतिशत व्याज अनुदान दिने व्यवस्था मिलाइने छ ।

५० अपाङ्गता भएका व्यक्ति तथा अभिभावकहरुका लागि सीप बिकास तथा अपाङ्गता स्याहारसीप तालिम कार्यक्रम संचालन गरिनेछ | अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक सहायक सामग्री निशुल्क वितरण गरिनेछ |

५१ लागूपदार्थ दुर्व्यशनी, मानव बेचविखन तथा ओसार पसार, छाउपडी तथा महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव, कुरीति, हिंसा अन्त्य गर्न महिला जागरण तथा कानुनी सारक्षता, साइबर अपराध सचेतना र शसक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ |

५२ नमुना उद्यमी जनप्रतिनिधि तथा कर्मचारी महिलालाई सम्मान गरिनेछ ।

५३ दलित लगायत अन्य पिछडिएका समुदायको परम्परागत सिप र पेशालाई आधुनिकीकरण गरी उनीहरुको स्वरोजगार तथा आयआर्जनमा टेवा पुर्याइनेछ।

५४ ज्येष्ठ नागरिकहरुलाई मानसिक एबम् शारीरिक रुपमा सक्रिय बनाउन बिभिन्न कार्यक्रम संचालन गरिनेछ | ज्येष्ठ नागरिक मिलन केन्द्र स्तरउनन्ति , दिवा सेवा कार्यक्रम तथा ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभब पुस्तान्तरण र हस्तान्तरण गर्ने अन्तरपुस्ता सम्वाद कार्यक्रम सञ्चालन गरिनेछ ।

५५ असहाय, बेवारिस तथा सडक सहयोगापेक्षी मानब उद्धार, उपचार, व्यवस्थापन तथा मानवता प्रवर्द्धनको लागि नीलसागर तथा मानव सेवा आश्रमसँगको सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ |

५६ महिला शान्ति र सुरक्षा सम्बन्धि सयुक्त राष्ट्रसघ सुरक्षा परिषद प्रस्ताव न १३२५ र १८२० को कार्यान्वयन सम्बन्धि दोश्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ

५७ द्धन्द्ध पीडित परिवाराई उत्पादनका क्रियाकलापसग जोडी जीवकोपार्जन सहयोग तथा मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।

५८ **बालबालिकामैत्री स्थानीय शासन** कार्यक्रमलाई विशेष अभियानका साथ सञ्चालन गरिनेछ। बालश्रम अन्त्यका लागि तथ्याङ्क सङ्कलन गरी बाल अधिकार संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ । अनाथ तथा जोखिममा रहेका बालबालिकाको लागि सामाजिक सुरक्षा कोष स्थापना गरिनेछ ।

**न्यायिक समिति सम्बन्धी नीति:**

५९ सबै वडा कार्यालयहरुमा स्थापना भै संचालनमा रहेका मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नति गरी वडा तहबाट गरी मेलमिलापबाट विवाद निरुपण गर्न अधिकतम प्रयास गरिनेछ ।

६० मेलमिलापकर्ताको क्षमता विकासका लागि मेलमिलाप सम्बन्धि पुनरताजगी तालिम सञ्चालन गरिनेछ ।

६१ लैगिक हिसा न्यूनिकरणका लागि सवै वडामा महिला सेल गठन गरी परिचालन गरिनेछ साथै सघसस्था तथा प्रहरी सगको साझेदारीमा समुदाय तथा विद्यालयमा जनचेतनामूलक कार्यक्रम र कानुनि सचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ ।

६२ लैगिक हिसा पीडितहरुका लागि जिल्ला स्तरिय सेवाकेन्द्र सञ्चालनका लागि सहयोग उपलब्ध गराइनेछ साथै अल्पकालीन आश्रय सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

६३ सूचना प्रविधिको प्रयोगबाट न्याय सम्पादनको कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ ।

६४ स्थानीय तहको न्याय सम्पादनको अनुभब आदानप्रदान गर्न **अन्तरपालिका न्यायिक समिति** असल अभ्यास कार्यक्रम सञ्चालन गरिनेछ ।

## राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण र सामाजिक सुरक्षा सम्बन्धी नीति

६५ राष्ट्रिय परिचयपत्रको दर्ता गराउन छुट भएका लाभग्राहीका लागि राष्ट्रिय परिचयपत्र दर्ता शिविर सञ्चालन गरिनेछ।

६६ सामाजिक सुरक्षा भत्ता बितरणलाई सरल, सहज र पहुचयोग्य बनाउन हरेक वडामा घुम्ति शिबिर मार्फत र ९० वर्षभन्दा माथि, पुर्ण अपाङ्गता भएका लाभग्राहिको घर-घरमा गई भत्ता बितरण गरिनेछ साथै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिको शिविरमा नै स्वास्थ्य परिक्षणलाई निरन्तरता दिईनेछ।

६७ अनलाईनमा आधारित व्यक्तिगत घटनादर्ता (जन्म, मृत्यु, बिबाह, बसाईसराई, सम्बन्ध विच्छेद र सामाजिक सुरक्षा भत्ता निरन्तरता दिईनेछ र समयसमयमा अपडेट गर्दै लगिनेछ।

६८ ठाकुरबाबा नगरपालिका हुनुपुर्वका सा.वि.क बबई नगरपालिका, (नेउलापुर,बगनाहा,शिवपुर र ठाकुरद्वारां गा.वि.स) मा भएका व्यक्तिगत घटना दर्ताका सुचना फारमहरुलाई पुर्णरुपमा डिजिटाईज गरिनेछ। सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यको शुद्धिकरणको लागि CMIS प्रणालीबाट नागरिकता प्रमाणपत्र चेकजाँच गरिनेछ।

## आर्थिक विकास क्षेत्र

### कृषि सम्बन्धी नीति :

६९ **उन्नत कृषिः किसानको समृद्धि** भन्ने नारा सहित कृषि क्षेत्रमा व्यवसायिक उत्पादनका लाग पकेट, ब्लक, कार्यक्रम सञ्चालन गरिनेछ ।

७० वशेष सम्भावना भएका क्षेत्रमा सघन कृ ष उत्पादनका लाग करारमा जग्गा व्यव्स्थापन गरी नमूना खेती कार्यलाई अगा ड बढाइनेछ उक्त कार्यका लाग

प्रधानमन्त्री रोजगार कार्यक्रमलाई उत्पादन सग जोड्ने र आधुनिक कृ ष उपकरण प्रयोग गर्ने नीति लइनेछ ।

७१ वडा स्तरिय प्रागारिक तथ हरियो मल उत्पादन ता लम सञ्चालन गरिनेछ ।

७२ यस क्षेत्रको मुख्य पहिचान रहेको थारु आलु र स्थानीय पेय पदार्थको ब्रान्डिग र बजारीकरण गरिनेछ ।

७३ वन्यजन्तुबाट हुने वालीनाली नोक्सानीको क्षति कम गर्न र खेर गैरहेको ज मन मा जडीबुटी लगाउन प्रोत्साहन गरिनेछ ।

७४ १ वडा १ उत्पादन तथा गरेर सिक्ने प्रविधिमा आधारित कृषक पाठशाला कार्यक्रम सवै वडामा सञ्चालन गरिनेछ साथै कृषक पाठशालाका लागि पाठ्यक्रम तयार गरिनेछ ।

७५ अनुदानमा कृषि सामाग्री प्राप्त गरेका लाभग्राहीहरुको तथ्याक अद्यावधिक गरी बुकलेट प्रकाशन गरिनेछ साथै किसान र हेफरको साझेदारीमा कृषि यन्त्र तथा उपकरण वितरण गरिनेछ ।

७६ स्थानीय समुदायलाई करेसाबारी, अर्गानिक खेती र वेमौसमी तथा बगर खेतीलाई प्रोत्साहन गरिनेछ ।

७७ अनुदानको रासायनिक मलको विक्री वितरणलाई व्यवस्थित गर्न कृषक सुचिकृत तथा बर्गीकरण गरी परिचयपत्र तथा कृषक पासबुक उपलब्ध गराइनेछ ।

७८ पढ्दै, कमाउदै कमाउदै , पढ्दै अवधारणा अनुरुप कृषि प्राविधिक विषय अध्ययन गरिरहेका विद्यार्थीहरुलाई OJT को रुपमा परिचालन गरी नमुना व्यवसायिक खेती कार्यलाई अगाडि बढाइनेछ ।

७९ स्थानीय उत्पादनको बजारीकरण गर्न छोटो समयका लागि भण्डार गर्न कोल्ड रुमहरु निर्माण गरिनेछ साथै ठेक्का व्यवस्थापन भएको शीत भण्डारको निर्माण कार्य अगाडि बढाइनेछ ।

८० सवै वडामा घुम्ती माटो परीक्षण शिविर सञ्चालन गरिनेछ साथै नगरपालिकामा कृषि ल्याव स्थापना गरिनेछ ।

८१ वडा न १ को कार्यालय अगाडि रहेको तरकारी सकलन केन्द्रलाई व्यवस्थित गरिनेछ साथै नेउलापुर जाने बाटोमा कुलोको किनारमा रहेको अव्यवस्थित जग्गालाई व्यवस्थित गरी सहकारी र नीजि क्षेत्रसगको साझेदारिमा तरकारी बजारका लागि आवश्यक पूर्वाधार निर्माण तथा सञ्चालन गरिनेछ |

८२ मौरीपालन व्यवसायलाई विस्तार र प्रवर्द्धन गरिनेछ ।

८३ कृषकहरुको वाली विमा कार्यलाई प्राथिमकताका साथ लागु गरिनेछ साथै सुलभ कृषि कर्जाका लागि कृषि विकास बैंकसग सहकार्य गरिनेछ ।

८४ कृषि पेशालाई आकर्षक बनाउन नमुना तथा नविन सोच सहितको कृषि फर्म सञ्चालन गर्ने कृषकलाई विशेष अनुदानको कार्यक्रम सञ्चालन गरिनेछ ।

८५ विदेशबाट फर्किएका युवालाई लक्षित गरी प्रतिफलमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

८६ मसिना तथा वासनादार धान र बीउ धान उत्पादन गरी नगरपालिकालाइ बीउ धानमा आत्मनिर्भर बनाउने कार्यक्रमको सफलतालाई कायम गर्दै निर्यात हुने गरी सो कार्यलाई निरन्तरता दिइनेछ ।

८७ हिउदे बसन्ते मकै, तोरी, मसुरो र चैते धान प्रवर्द्धन कार्यक्रमलाई विशेष कार्यक्रमको रुपमा सञ्चालन गरिनेछ ।

८८ अर्गानिक खेतीको विकास गर्न प्रागारिक मल र जैविक विषादिको प्रयोग तथा रैथाने बीउहरुको सरक्षण र विकास सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ । जैविक मल प्रयोगलाई प्रोत्साहन गर्न प्रागारिक मल कारखाना स्थापना गर्न पहल गरिनेछ ।

८९ कृषकहरुको हित सरक्षणका लागि कृषि उत्पादनको खरिद विक्रीको व्यवस्था मिलाईनेछ कृषि उपजको समर्थन मूल्य निर्धारण गरिनेछ ।

९० कृषि हाट बजारहरुको उचित व्यवस्थापन गरिनेछ र कृषि हाट बजारमा स्थानीय रुपमै उत्पादित तरकारी तथा फलफूल विक्री गर्ने व्यवस्था मिलाइनेछ । आफ्नै उत्पादन नियमित रुपमा विक्री गर्ने कृषकलाई सम्मान गरिनेछ ।

९१ कृषकहरुलाई प्रतिष्पर्धी र व्यवसायिक बनाउन तथा कृषि सम्बन्धि विविध सुचना प्रवाह गर्न वार्षिक रुपमा कृषि मेला प्रदर्शनी आयोजना गरिनेछ कृषि सम्बन्धि सुचना कृषकको हातमा पुग्ने गरी एप्स निर्माण गरिनेछ ।

९२ सिचाइ नपुगेका बस्तिमा सिचाइ सुविधा पुर्याउन नहर कूलो व्यवस्थापन ,बोरिग स्यालो टयूववेल, विद्युतिय कृषि मोटर जडान कार्यलाइ निरन्तरता दिइनेछ ।

९३ फलफूल तथा डालेघास तथा अन्य विरुवाको नर्सरी स्थापना गरिनेछ ।

९४ वन्यजन्तुबाट भएको क्षतिमा वितरण गरिदै आएको राहत कार्यक्रमलाई विमासग जोडी तत्काल क्षतिपूर्ति प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।

९५ स्थानीय तरकारी तथा फलफूल र रैथाने उत्पादनहरुको वजारीकरण तथा विक्रीका लागी पूर्व पश्चिम राजमार्गको छेउछाउको जग्गामा अस्थायी विक्री स्टल निर्माण गरी विक्री गर्न प्रात्साहन गरिनेछ ।

**पशु स्वास्थ्य सम्बन्धी नीति:**

९६ पशुपालनलाई ब्यबस्थित गर्न पशुजन्य ब्यवसायको अभिलेखीकरण र पशुपन्छी दर्ता गर्ने कार्यको शुरुवात गरिनेछ ।

९७ **कृषकको उत्पादन नगरपालिकाको अनुदान** कार्यलाई परिष्कृत गर्दै उत्पादनको आधारमा अनुदान दिने कार्यक्रमलाई प्रभावकारी रुपमा अगडि बढाइनेछ ।

९८ युवा लक्षित फर्म प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

९९ पशुपालन व्यवसायलाई प्रतिष्पर्धी र सम्मानित पेशाको रुपमा विकास गर्न उत्कृष्ट

पशुपालक कृषक पुरस्कार कार्यक्रमको व्यवस्था गरिनेछ ।

१०० आवश्यकता र सम्भावना पहिचान गरी बाख्रा पकेट, गाइभैंसी पकेट, कुखुरा पकेट प्याकेज कार्यक्रम सञ्चालन गरिनेछ ।

१०१ विमा अनुदान कार्यक्रमलाई निरन्तरता दिदै पशु विमा गर्दा कृषकले तिर्नुपर्ने प्रिमियमको ५० प्रतिशत रकम सवै कृषकको र एकल द्धन्द्ध पीडित परिवारको तथा दलित परिवारको शतप्रतिशत रकम नगरपालिकाबाट व्यहोर्ने व्यवस्था मिलाइनेछ

१०२ सामुदायिक गाइहरुको ब्यबस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०३ मासुजन्य पदार्थको उत्पादन तथा बिक्रि वितरण गर्ने ब्यवसायको मापदण्ड तयार गरी लागू गरिनेछ साथै लागत साझेदारिमा व्यवस्थित बधशाला र मासु पसल सञ्चालन गर्न सहयोग उपलब्ध गराइनेछ ।

१०४ व्यवसायिक रुपमा गाइ, भैसीपालनमा प्रोत्साहन गर्न र बजारको सुनिश्चितका लागि दुग्ध विकास सस्थानको सहयोगमा दुग्ध सकलन तथा प्रशोधन केन्द्र स्थापना गरी दुग्धजन्य पदार्थको विविधकरण गर्ने व्यवसाय सञ्चालन गर्नका लागि आवश्यक सहयोग गरिनेछ ।

१०५ नश्ल सुधारका लागि उन्नत जातका पशुहरु वितरण तथा कृत्रिम गर्भाधान कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।

१०६ व्यवसायिक माछापालनको प्रवर्द्धन गर्न माछा सकलन प्रशोधन र विक्री केन्द्र सञ्चालन गर्नेलाई सहयोग उपलब्ध गराइनेछ साथै यन्त्र उपकरण तथा माछा भुरामा ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।

१०७ पोषण युक्त घासे वालीको विकास गरौ पशुजन्य उत्पादन बढाउ भन्ने नारा सहित घासको श्रोतकेन्द्रको विकासका लागि घासको नर्सरी स्थापना गरिनेछ ।

१०८ गोठदेखि ओठसम्म  स्वच्छ दुध कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न भकारो सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

१०९ खेतबारीमा प्राविधिक सेवा उत्पादनमा टेवा भन्ने नारा सहित पशु चिकित्सकलाई निरन्तरा दिदै कृषि अधिकृतको व्यवस्था गरिनेछ ।

११० पशु स्वास्थ्य गाउघर क्लिनिक मार्फत घुम्ती पशु स्वास्थ्य शिविरलाई निरन्तरता दिइनेछ ।

१११ स्थानीय कच्चा पदार्थ प्रयोग गरी दाना उद्योग स्थापना गर्न चाहानेलाई प्रोत्साहन गरिनेछ ।

**पर्यटन तथा संस्कृति, सम्पदा सम्बन्धी नीति :**

११२ पर्यटनको व्यवस्थित विकास, सरक्षण र प्रवर्द्धनका लागि नगरस्तरिय पर्यटन विकास गुरु योजना निर्माण गरिनेछ ।

११३ ठाकुरबाबा भ्रमण वर्ष घोषणा गरी घुमौं ठाकुरबाबा अभियान सञ्चालन गरिनेछ

११४ नगर स्तरिय भाषा, कला, साहित्य, सस्कृतिको सरक्षण, विकास र प्रबर्धन गर्नका लागि ठाकुरबाबा प्रज्ञाप्रतिष्ठान गठन गरी कार्यक्महरु सञ्चालन गरिनेछ ।

११५ यस क्षेत्रकै प्रसिद्ध ठाकुरद्धारा मन्दिर क्षेत्रलाई धार्मिक केन्द्रका रुपमा विकास गर्न नगरपालिकाबाट शुरु गराइएको महाआरती निरन्तरता मन्दिरको पुरातात्विक अध्ययन, प्रचार सामाग्री प्रकाशन, नियमित पुजा, साथै मन्दिर परिसरलाई थप सौन्दर्यकरण गरिनेछ ।

११६ नगरपालिका क्षेत्रभित्र मनाइने  पर्व, मेला, पूजा, परम्परागत जीवनशैली एवं सांस्कृतिक सम्पदाहरुको मुख्य परिचयात्मक विवरण समेटी ठाकुरबाबा नगरपालिकाको सांस्कृतिक प्रोफाइल (Cultural Profile of Thakurbaba Muncipality ) तयार गरी प्रकाशित गरिनेछ ।

११७ ठाकुरबाबा नगरपालिकालाई पर्यटक मैत्री बनाउन प्लाषटिक न्यूनिकरण

अभियान सञ्चालन गरिनेछ र पहिलो चरणामा यो अभियान वडा न ९बाट प्रारम्भ गरी क्रमश अन्य वडामा पनि लागु गर्दै जाने नीति अवलम्बन गरिनेछ

११८ पर्यटकीय क्षेत्रमा पर्यटन प्रवर्द्धनका लागि आवश्यक पर्यटकीय पुर्वाधारहरुको विकास, सडक बत्ती व्यवस्थापन तथा फोहरमैला सकलनका लागि बजार क्षेत्र र सार्वजनिक स्थलहरुमा साझेदारिमा वेस्टविनको व्यवस्थापन गरिनेछ ।

११९ सास्कृतिक डबलीको व्यवस्थापन गर्दै वेतनि पटुवा कुलो किनार, (नहर निर्माण पछि विस्तार भएको क्षेत्र समेत) हरित सौन्दर्यकरण गरी पर्यटकीय गतिविधि सञ्चालन गरिनेछ ।

१२० हात्तीसार पिकिनिक क्षेत्रलाइ ध्वनी प्रदुषण रहित पिकिनक क्षेत्रको रुपमा थप व्यवस्थित गरिनेछ तथा खुलपुर ट्रष्ट ब्रिज भएको क्षेत्रलाई नया पिकनिक स्थलको रुपमा विकास गरिनेछ ।

१२७ बढ्दो ध्वनी प्रदुषणलाई नियन्त्रण गर्न ध्वनी प्रदुषण आचारसहिता बनाइ कडाइका साथ लागु गरिनेछ ।

१२८ बर्दिया राष्ट्रिय निकुञ्जको समन्वयमा खौराहा खोलादेखि हात्तीसारसम्म डुगा शयर कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

१२९ बर्दिया राष्ट्रिय निकुञ्जलाई विश्व सम्पदा सूचिमा सूचिकृत गर्न पहल गरिनेछ ।

१३० वडा न ४ मा रहेको बर्गदा देखि खैलारसम्मको बबइ नदी उकास जग्गामा र हात्तीसार क्षेत्रमा जलाशाय बनाई पर्यापर्यटनको विकास गर्न आवक्षयक पहल गरिनेछ ।

१३१ प्लाष्टिक प्रयोगलाइ निरुत्साहित गर्न दुना टपरी उद्योगलाई थप विस्तार गरिनेछ

१३२ पर्यटकीय शहर तथा वस्ती पुनरुत्थान कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै बर्गदा, गोब्रेला र ठाकुरद्धारामा होमस्टेको प्रवर्द्धन र विकासका लागि आवश्यक कार्य गरिनेछ ।

१३३ पर्यटन व्यवसायका लागि आवश्यक जनशक्ति विकासका लागि व्यवसायिक सिपमूलक तालिम प्रदान गरिनेछ ।

१३४ परम्परागत सिप कला सस्कृतिको सरक्षण गर्दै आयआर्जनसग जोड्न व्यवसायिक ढकिया बुनाई, लेहेगा चोली, थैली, झोला तथा बेत बासका हस्तकलाका सामाग्री तयार गर्ने तालिम सञ्चालन गरी उत्पादित सामाग्री विक्री गर्न कोशेली घर सञ्चालन गर्न सहयोग गरिनेछ ।

१३५ नगरपालिका क्षेत्रमा रहेका ऐतहासिक, धार्मिक, सांस्कृतिक सम्पदाहरुको पुरातात्विक महत्वका मठ, मन्दिर, पोखरी, वृक्ष  पातादेवि मन्दिर पिपलको रुख, भुडकैया छतिवन रुख आदिको अध्ययन अनुसन्धान अभिलेख राखी संरक्षणको व्यवस्था मिलाइनेछ ।

१३६ धार्मिक, सांस्कृतिक क्षेत्रहरुको पहिचान, संरक्षण र सम्बर्धनका लागि परम्परागत खाना मेला तथा  लोक सस्कृतिको सरक्षण र प्रवर्द्धन र नवप्रतिभालाइ प्रोत्साहन तथा सास्कृतिक निरन्तरता सम्मान कार्यक्रमहलाई निरन्तरता दिईनेछ ।

**१३७** बर्दिया राष्ट्रिय निकुञ्ज भित्र पर्ने राजमार्ग तथा बनक्षेत्रमा मानव वन्यजन्तु घटना न्यूनिकरणका लागि आकाशेपुल निर्माण गर्न र्लागि गुरुयोजना निर्माण तथा पूर्वाधार विकासका लागि पहल गरिनेछ ।

१३८ मध्यवर्ति तथा सामुदायिक वनहरुमा पर्यटकीय गतिविधि सञ्चालन गर्न वनपथ निर्माण लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**रोजगार सीप बिकास तथा उद्यमशीलता प्रबर्धन सम्बन्धी नीति :**

१३९ रोजगार सेवा केन्द्र मार्फत एकीकृत श्रम तथा रोजगारमूलक सेवा सञ्चालन गरिनेछ ।

१४० नवप्रवद्धन सोच तथा आविश्कारका लागि  पूजीगत बजेटको १ प्रतिशत **रकमबाट नगर प्रमुख कोष** स्थापना गरी परिचालन गरिनेछ ।

१४१ स्थानीय सीप, कलाको प्रवद्धन गर्ने, स्थानीयलाई रोजगारी दिने र वातावरण प्रतिकुल असर नगर्ने प्रकृतिका उद्योग स्थापना गर्नेहरुलाई ३ वर्ष सम्म ब्यवसाय करमा छुट दिने नीति लिइनेछ |

१४२ विपन्न, किशोरी तथा युवा महिलाहरुका लागि उद्यमशिलता तालिम सञ्चालन गरी व्यवसाय सञ्चालनमा सहयोग गरिनेछ ।

१४३ महिला उद्यमीहरुको अभिलेख तयार गरी विभिन्न सघसस्थाहरुको सहयोगमा महिला आत्मनिर्भर कार्यक्रम सञ्चालन गरिनेछ

१४४ नियमित कर तिर्ने र सवैभन्दा बढी रोजगार दिने उत्कृष्ट व्यवसायीलाई सम्मान गरिनेछ ।

१४५ रोजगार सम्वाद मञ्चको गठन गरी रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नङ्कशाकन गरिनेछ ।

१४६ श्रम तथा रोजगार सम्बन्धि आवश्यक तथ्याक सकलन गरी विभिन्न पेशा व्यवसायमा दक्ष जनशक्तिको सुचि तयार गर्ने र स्थानीय निर्माण कार्यमा सो जनशक्तिलाई रोजगार प्रदान गर्न आवक्षयक वातावरण तयार गरिनेछ

१४४ तालिम र सिप विकासका गतिविधि एकीकृत गर्नेगरी बहुविषयगत सिपविकास तालिम केन्द्रको विकास गरिनेछ साथै सिटिभिटिसगको साझेदारीमा सिप परिक्षणको कार्यक्रम सञ्चालन गरिनेछ ।

**सहकारी सम्बन्धी नीति:**

१४५ सहकारीको जोखिम ब्यबस्थापनका लागि अनुगमन संयन्त्रलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ |

१४६ सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गरी सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सहकारी संस्थाहरुलाई एकीकरण गर्ने, उदेश्य अनुसारको कार्यक्रम सञ्चालन गर्न अनिवार्य गर्ने नीती अवलम्बन गरिनेछ |

१४७ सहकारी सस्थाहरुको क्षमता विकासका लागि आवश्यक तालिमहरु सञ्चालन गरिनेछ ।

१४८ स्वरोजगार कोष मार्फत विपन्न वर्गको आय आर्जनका लागि सहकारीहरु मार्फत सहुलियत दरमा ऋण उपलब्ध्ध गराउने कार्यलाइ निरन्तरता दिइनेछ ।

१४९ बजारीकरणको कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विशिष्टिकृत सहकारी सघ दर्ता गरी कार्यान्वयन गरिनेछ ।

१५० सहकारीको प्रभावकारिता तथा कार्यक्रम बारे जानकारी दिन मास मोटिभेसन कार्यक्रम सञ्चालन गरिनेछ ।

१५१ सहकारी सस्थाहरुको व्यवसायिक तथा रणनीतिक योजना निर्माण तालिम सञ्चालन गरिनेछ ।

**पूर्वाधार बिकास सम्बन्धी नीति :**

१५२ आगामी आर्थिक वर्षभित्रमा नगरक्षेत्रभित्र रहेका सडक, नाला, खानेपानी पाइपलाइन, सडक बत्ति ,बन्यजन्तु छेकवार,सार्वजनिक भवन लगायत सबै भौतिक पूर्वाधारहरुको डिजिटल प्रोफाइल (Digital Profile) तयार गरी एकीकृत विवरण सङ्कलन गरिनेछ ।

१५३ हरित उर्जा स्वच्छ उर्जा कार्यक्रम अन्तरगत सरकारी तथा गैरसरकारी सघसस्थाको सहयोगमा एक मेघावाट क्षमताको सौर्य उर्जाबाट विद्युत उत्पादन गर्ने कार्यलाई अगाडि बढाइनेछ ।

१५४ नगरपलिका भित्र रहेका सवै काठेपूल र पोल विस्थापन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५५ सुरक्षित विपन्न आावास र जनता आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै अति अशक्त अपाँग परिवारको घर निर्माण गर्न थप श्रोतको व्यवस्थापन गरिनेछ ।

१५६ राजमार्ग तथा अन्य मुख्य मार्गसग जोडिएका सडकहरु क्रमश कालोपत्रे गरिनेछ र आफ्नै उपकरण प्रयोग गरी कच्ची सडकहरु स्तरउनन्ति गरिनेछ ।

१५७ वडा न १ र ६ कार्यालयहरुको नया भवन निर्माण गर्ने कार्य अगाडि बढाइनेछ साथै नवनिर्मित वडा कार्यालयहरुमा कम्पाउण्ड वाल निर्माण कार्य अगाडि बढाइनेछ र सवै वडा कार्यालयहरुमा स्तनपान तथा आराम कक्ष निर्माण गरिनेछ ।

१५८ हरेक वडाामा निर्माणाधीन अवस्थामा रहेका खानेपानी आयोजनाहरुको निर्माण कार्य निरन्तरता दिइनेछ ।

१५९ खानेपानीको गुणस्तर परिक्षण गरिनेछ ।साथै खानेपानी परिक्षण ल्याव स्थापना गरिनेछ ।

१६० कर्णाली जल परियोजनाको सहयोगमा पानीको मुहान तथा जरही सरक्षण र भुमिगत पानी सरक्षणका लागि पोखरी निर्माण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१६१ नगरलाई सुरक्षित र व्यवस्थित बनाउनका लागि यात्रुको सुरक्षाालाई प्रथिमकता राख्दै जेब्रा क्रस, सडक बत्ती, ट्राफिक लाइट तथा व्यवस्थित बसपार्क, अटो रिक्सा पार्किग स्थल निर्माणको प्रक्रिया अगाडि बढाइनेछ ।

१६२ नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक बिद्यालय, सार्वजनिक संस्थाहरुको भैातिक सरचना अपाङ्गता, लैङ्गिक तथा बालमैत्री बनाइनेछ ।

१६३ एतिहासिक रेलवे सडकको सरक्षण र पर्यटन प्रवद्धनका लागि आवश्यकता अनुसार कलभर्ट निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

१६५ विभिन्न क्षेत्रसंगको सहकार्यमा सार्बजनिक स्थलहरुमा स्वच्छ पिउने पानी तथा व्यवस्थित शौचालयहरु निर्माण तथा ब्यबस्थापन गरिनेछ ।

१६६ निकुञ्ज र सामुदायिक वन किनारका बस्तिहरुलाइ सुरक्षित गर्न नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गरी **सुरक्षित नागरिक उज्यालो** नगर कार्यक्रम सञ्चालन गरिनेछ ।

१६७ नगरभित्रका मुख्य सार्वजनिक स्थानहरुमा वाल उद्यान, खुला व्यायामशाला र ज्येष्ठ नागरिकहरुका लागि विभिन्न स्थानमा सूचना प्रविधि मैत्री विश्राम स्थल निर्माण गरिनेछ ।

१६८ नगरपालिका भित्रका सवै सामुदायिक विद्यालय र ठाकुरद्धारा मन्दिरमा निशुल्क इन्टरनेट सेवा जडान गरिनेछ ।

१६९ ठाकुरबाबा नगरपालिका वड न २ आम्वासामा रहेको सडक निर्माणले उपयोग गरेको जग्गामा वातावरण मैत्री हस्तकला निर्माण, फर्निचर निर्माण जस्ता घरेलु उद्योग सञ्चालन गरी रोजगार सृजना गर्न तथा विद्युतिय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न प्रदेश सरकार तथा नीजी क्षेत्रसगको सहकार्यमा विद्युतिय चार्जिग स्टेशन निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

१७० नगरिभित्र सञचालन हुने सवै प्रकारका सभा भेला व्यवस्थित गर्न बहुउदेश्यिय सभाहल निर्माण गरिनेछ ।

१७१ नगरपालिकाको मुख्य बजार क्षेत्रहरुमा सघन शहरी विकास कार्यक्रम अन्तर्गत एकीकृत शहरी पूर्वाधार विकास कार्यक्रम क्रमश सञ्चालन गरिनेछ ।

१७२ बर्दिया राष्ट्रिय निकुञ्ज भित्र पर्ने राजमार्गको बैकल्पिक मार्गको रुपमा कतरर्निया मगरागढी जोधीपुर हुदै ठाकुरबाबा नगरपालिका वडा न ४ खैलार जोड्ने बबई नदीमा पूल र वडा न ५ चन्दरपुरघाटदेखि बारबर्दिया जोड्ने पुल र गोदानादेखि ठाकुरद्धारा जोड्ने पुल निर्माणका लागि ठेक्का व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ ।

१७३ वडा न ५ वडा कार्यालय देखि मधुवन नगरपालिकाको रजवारा जोड्ने सडक स्तरउननति तथा पक्की पुल निर्माण गरिनेछ साथै बलाति कर्मला जोड्ने आम्वासा खोलामा पक्की पूल निर्माण गर्ने प्रक्रिया अगाडि बढाइनेछ ।

१७४ मधुवन नपाको सिमाना सूर्यपटुवादेखि निकुञ्जगेट हुदै बेतनि देखि चिटकैया गेटसम्म जोड्ने पर्यटकीय मार्ग कालोपत्रे स्तरउन्ति गरिनेछ ।

१७५ छात्रावास सहित सुविधा सम्पन्न विद्यालय बनाउन बिग स्कुल निर्माणको अवधारणा अनुरुप कार्यक्रम अगाडि बढाइनेछ ।

१७६ शिवमन्दिरदेखि गोदानाहुदै ठाकुरद्धारा जोड्ने सडक स्तरोन्नति गरिनेछ ।

१७६ नेउलापुरदेखि तिनघरुवा जाने बाटो र अछ्यामिटोल बर्गदा जाने बाटो स्तरउन्नति गरिनेछ

१७८ वडा न २ मा आमवासा सिचाइ आयोजना अन्तर्गत नहर निर्माण गरिनेछ साथै बोक्सी खोला सिचाइ आयोजना अगाडि बढाइनेछ ।

१७९ सतघरुवा जगतराम थारुको घरनजिक दुन्द्रामा पक्की कलभर्ट निर्माण गरिनेछ

१८० वडा न ५मा रहेको महादेव मार्ग स्तरउन्नति गरिनेछ ।

१८१ बाघचोोकदेखि मिथुनिया फाटा र खुशालपुरहुदै मधुवन जोड्नेबाटो स्तरउन्नति गरिनेछ ।

१८५ तल्लो गोदानाबाट सुतैया, सुतैयाबाट बन्तरिया, हात्तीसारबाट गेरुवा तथा वडा न २ बेसर्मा फाटाबाट सुजनपुर जोड्ने झुलुङ्के पुल निर्माण गरिनेछ ।

१८६ भदेलिदेखि भुडकैयासम्म ओरही खोलामा तटबन्धनको कार्य अगाडि बढाइनेछ

१८७ सुख्खा क्षेत्रमा सिचाइ सुविधा पुर्याउन विभिन्न स्थानमा डिपबोरिंग जडान गरिनेछ

१८८ ठाकुरद्धारा मन्दिरदेखि वडा न ८ ,७, ६ मा नाला निर्माण गरिनेछ ।

१८९ पुर्वपश्चिम राजमार्ग अन्तर्गत सैनवार भुरिगाउ रानीपुर सम्मको सडक चौडीकरण सगै साइकिल लेन र अपाग मैत्री बाटो निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

१९० सैनवार, डुम्रेनी, सिहवाहिनी खेल मैदानहुदै राजमार्ग जोडिने बाटोलाई बैकल्पिक मार्गको रुपमा स्तरउन्नति गरिनेछ ।साथै डुम्रेनिदेखि नगरपालिका जोडने कृषि सडक स्तरउन्नति गरिनेछ

१९१ आम्वासा, ओरही, खौराहा जरही तथा निकुञ्ज क्षेत्र भएर बस्तिमा आउने खोलाबाट हुने क्षति न्यूनिकरण गर्न नदी नियन्त्रणका कार्यहरु गरिनेछ

१९२ आम्वासा, ओरही र खौराहा तथा जरही नाला क्षेत्रमा तटबन्धनका कार्य अगाडी बढाइनेछ ।

१९३ हरेक वडामा गौरवका आयोजना अन्तर्गत कम्तिमा एउटा बाटो कालोपत्रे गरिनेछ ।

१९४ ठाकुरबाबा नगरपालिका वडा न २, ४, ५ र ९मा एकीकृत बस्ति विकास कार्यक्रम सञ्चालन गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।

१९५ नेपाली जनतालाई न्याय मुक्ति र स्वतनत्रता दिलाउनका लागि महत्वपूर्ण **योगदान गर्नुहुने** विपिको सम्झनामा विपि स्मृति प्रतिष्ठान र ज्येष्ठ नागरिक सम्मानका अभियन्ता मनमोहन अधिकारीको स्मृतिमा **मनमोहन स्मृति प्रतिष्ठान** स्थापना गरी सामाजिक क्षेत्रमा विविध कार्यक्रम सञ्चालनका लागि क्रमश पूर्वाधार निर्माण गर्न सहयोग गरिनेछ ।

**संस्थागत बिकास तथा सुशासन सम्बन्धी नीति:**

१९६ प्रविधिमैत्री पालिका निर्माणका लागि TBM Apps बनाइ सहज र सरल रुपमा सेवा प्रदान गरिनेछ ।

१९७ सघ प्रदेश र नगरपालिकाबाट संगठन सर्वेक्षण तथा व्यवस्थापन वमोजिम दरबन्दि

तथा कर्मचारी व्यवस्थापन गरिनेछ ।

१९८ नगरपालिकाको आफ्नै लोगो निर्माण गरिनेछ ।

१९९ नागिरक वडापत्र सुधार तथा कार्यान्वयन गरिनेछ साथै सेवा प्रवाहलाई सर्वसाधारणको पहुचमा पुर्याउनका लागि घुम्ति स्थानीय सरकार कार्यक्रम सञ्चालन गरिनेछ ।

२०० जनप्रतिनिधि र कर्मचारीको आचार सहिता निर्माण गरी कार्यान्वयन गरिनेछ ।

२०१ सेवाग्राहीलाई कुनै असहजता भएमा प्रत्यक्ष सम्पर्क गरी गुनासो सुन्ने, सूचना उपलब्ध गराउने, सहजीकरण गर्ने आदि कार्यका लागि सहायता कक्ष सञ्चालन गरिनेछ ।

२०२ नगर प्रहरीको व्यवस्थापन गरी नगरको शान्ति सुरक्षा तथा अन्य व्यवस्थापन गरिनेछ ।

२०३ संविधानको एकल तथा साझा अधिकार सूची र बढ्दो सहरी सुब्यबस्था दायित्वलाई मध्यनजर गर्दै नगरपालिकाको संगठनलाई सेवामूलक र बैज्ञानिक बनाउन मानब संसाधन नीति तर्जुमा गरी कार्यान्वयन गर्ने ब्यवस्था मिलाइनेछ ।

२०४ कर्मचारीबाट वाञ्छित लक्ष्य हासिल गर्न नतिजामा आधारित कार्य सम्पादन एवं प्रोत्साहन प्रणाली अवलम्वन गरिनेछ । नगरपालिकाका प्रत्येक कर्मचारीको कार्य व्यवहारलाई पारदर्शी, जनमैत्री र सुशासनयुक्त बनाउन आवश्यक कानूनी प्रवन्ध मिलाईनेछ । विभिन्न विधाका उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गरिनेछ ।

२०५ नगरपालिकाद्वारा जारी गरिएका स्थानीय कानुनहरुको आबश्यकता अनुसार संशोधन, परिमार्जन तथा एकीकरण गरिनेछ ।

२०६ हरेक महिनाको पहिलो आइतबार "**जनतासंग जनप्रतिनिधि**" कार्यक्रम मार्फत प्रत्यक्ष सम्बाद कार्यक्रम संचालन गर्ने ब्यबस्था मिलाइनेछ ।

२०७ नगरपालिकाको केन्द्र तथा वडा तहमा सार्वजनिक सुनुवाई गरी सेवाग्राहीबाट प्राप्त हुने सुझाब तथा गुनासोको ब्यबस्थापन गरिनेछ ।

२०८ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन LISA (Local Institutional Self Assesment ) तथा स्थानीय तह वित्तीय सुशासन तथा जोखिम मूल्याङ्कन लैगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षाण GESI Audit प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

२०९ आर्थिक बर्ष २०८०/०८१ को स्वीकृत नीति, बजेट तथा कार्यक्रम अनुरूप सघसस्था सहितको एकीकृत वार्षिक कार्योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२१० करार र अस्थायी कर्मचारीका लागि कर्मचारीको योगदान बराबरको रकम नगरपालिकाबाट थपि कल्याण कोष निर्माण गरिनेछ ।

२११ नगरपालिका स्थापना दिवसका अबसरमा कृषक, जनप्रतिनिधि, उद्यमी ,व्यवसायी तथा कर्मचारीहरुलाई प्रदान गरिने सम्मान र पुरस्कारलाई निरन्तरता दिइनेछ ।

२१२ नगरपालिकार्f र वडा तहबाट गरिने सार्वजनिक खरीद प्रकिया प्रतिस्पर्धाको माध्यमबाट सम्पादन गर्न आवश्यक ब्यबस्था मिलाइनेछ ।

२१३ नगरपालिकाबाट प्रवाह हुने सेवामा सेवाग्राहीको सहज पहुँच वृद्धिका लागि कार्यालयहरुमा सेवाग्राहीलाई निबेदनको मस्यौदा, फोटोकपी सेवाहरु निःशुल्क दिने ब्यबस्था मिलाइनेछ । साथै नगरपालिकाबाट प्रबाह हुने सार्वजनिक सेवामा सूचना तथा संचार प्रविधिको उच्चतम उपयोग गरी विद्युतीय सुशासन प्रबर्धन गरिनेछ ।

२१४ मुख्य बजार क्षेत्रको सुरक्षाका लागि सिसिटिभी जडान गरी प्रयोगमा ल्याउन नेपाल प्रहरी तथा बैक तथा वित्तिय सस्थाहरुसँग सहकार्य गरिनेछ ।

**राजस्व तथा वित्त ब्यबस्था सम्बन्धी नीति:**

२१५ नागरिकहरुले बुझाउनु पर्ने सिफारिस दस्तुर सेवा शुल्क कर व्यवसाय दर्ता

नवीकरण वडाबाटै गर्ने व्यवस्था मिलाइनेछ साथै कर संकलनको लागि अनलाइन प्रणालीलाई ब्यबस्थित गरी सबै करहरुलाई करदाताको पहुँचमा वृद्धि गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

२१६ नगरपालिकाले संबिधान तथा कानुन बमोजिम असुल गर्ने राजस्व (कर तथा गैरकर) प्रशासनलाई न्यायोचित, पारदर्शी र बैज्ञानिक बनाउन निर्माण गरिएको राजश्व सुधार कार्ययोजना बमोजिम मिलाइनेछ ।

२१७ करदाताको सहजताको लागि आबश्यक कार्यविधि निर्माण गरी अग्रिम कर तिर्न सकिने प्रबन्ध मिलाइनेछ ।

२१८ करदाता शिक्षा कार्यक्रम तथा असल करदाता सम्मान गरिनेछ ।

२१९ बढ्दो सवारी दुर्घटना कम गर्न र बजारको सौन्दर्यकरणमा रास आउन नदिन जथाभावी राखिएका होडिग बोर्ड हटाई होडिग बोर्ड राख्ने स्थान यकिन गरी तोकिएको स्थान र साइजमा मात्र बिज्ञापन सामग्री राख्ने ब्यबस्था मिलाइनेछ।

**वातावरण विपद ब्यवस्थापन सम्बन्धी नीति**:

२२० व्यवस्थित जलाधार समृद्धिको आधार भन्ने नारा सहित एकीकृत जलाधार सरक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२२१ वातावरण सरक्षण तथा विपद ब्यबस्थापनका लागि सूचना प्रणाली उद्धार राहत पुनस्थापना कार्यलाइ थप प्रभाबकारी बनाइनेछ ।

२२३ विपदमा परेकाको उद्धार र पुनस्थापना सम्मका लागि रेडक्रस लगायत सघसस्थाको सहकार्यमा एकीकरण भएका विद्यालयहरुको भवनलाई मर्म सम्भार गरी GESI मैत्री सुरक्षित सेल्टर निर्माण गरिनेछ ।

२२६ विपद ब्यवस्थापनका लागि जनस्तर तथा बिद्यालयस्तरमा विपद सचेतना, उद्धारको अभ्यासको कार्यलाई निरन्तरता दिइनेछ ।

२२७ नगर आपतकालीन केन्द्र (Municipal Emergency Center) लाई स्तरीकरण गरी प्रभाबकारी रुपमा संचालन गर्ने ब्यबस्था मिलाइनेछ |

२२८ विपदको क्षेत्रमा काम गर्ने सघसस्थाको सहयोगमा नगरपालिकाको विपद जोखिम नक्सांकन (Hazard Mapping ) गरिनेछ |

२२९ फोहरलाई पुनः प्रयोग र प्रशोधन गर्न श्रोतमा नै बर्गीकरण गर्ने ब्यबस्था मिलाईनेछ फोहर सकलनका लागि दुइ प्रकारका भाँडा (वेस्टबिन) खरीद गरी सहुलियतपूर्ण दरमा बजारबासीलाई उपलब्ध गराईनेछ

२३० अस्थायी डम्पिग साइट व्यवस्थापन गरी फोहर सकलन र बर्गिकरण तथा विक्री वितरण गरिनेछ ।

२३१ वातावरण सरक्षणका लागि स्थानीय समुदायलाई विद्युतिय चुलोको उपयोग बढाउन तथा अति विपन्न परिवारका लागि सुधारिएको चुलो प्रयोग गर्ने नीति अगाडि बढाइनेछ ।

२३२ कुहिने फोहर गैाशालाका गाइभैसिको मल पातपितगर र दिशाजन्य लेदोका उचित व्यवस्थापन गरी प्रागारिक मल उत्पादन गरिनेछ । यसका लागि आवश्यक अध्ययन, अनुसन्धान, प्रविधि पहिचान तथा सो को प्राप्ति, स्थापना, विकास र सञ्चालनको कार्य कार्यान्वयन गर्ने नीति लिइनेछ ।

२३३ नगरपालिकामा गौशालाहरुमा उपयुक्त स्थानहरुमा Waste to Energy Plant जडान गर्ने नीति लिइनेछ |

२३४ चालिस माइक्रोन भन्दा पातलो प्लास्टिक झोलाको प्रयोगलाई निषेध गरिनेछ प्लास्टिक झोलाको सट्टा कपडा, जुट वा कागजको झोला उत्पादन, बिक्रि वितरण र प्रयोगलाई प्रोत्साहन हुने किसिमका कार्यक्रमहरु संचालन गरिनेछ |

२३५ नगरपालिकाभित्र ध्वनी प्रदुषण नियन्त्रण गरी स्वच्छ वातावरण प्रबर्धन गर्न आवश्यक कार्यक्रम बनाई संचालन गरिनेछ |

२३६ सार्बजनिक जग्गा, नदी किनार टोलटोलमा फलफूल विरुवा रोप्ने अभियान सञ्चालन गरिनेछ ।

२३७ एकवडा एक पार्क निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

**जग्गा वय्वस्थापन तथा भवन मापदण्ड सम्बन्धी नीति:**

२३८ घर जग्गाको अभिलेखिकरण र घरको नक्सा पास प्रकृयालाई निर्माण आचार सहिता अनुरुप कार्यान्वयन गरिनेछ |

२३९ अनलाइन सिस्टमबबाट नक्शापास गर्ने कार्य शुरु गरिनेछ ।

२४० नगरपलिकाको भू- उपयोग योजना तयार गरी लागु गरिनेछ |

२४१ प्रचलित भवन निर्माण सम्बन्धी मापदण्ड अनुरुप निर्माण भएका तर नक्सा पास नगरिएका भवनहरुलाई अनिवार्य रुपमा नक्सा पास गरी नियमित गरिनेछ |

२४२ नगर क्षेत्रभित्र रहेका सार्वजनिक तथा निजी भवनहरुको जोखिम न्यूनीकरण गर्न अनिवार्य बिमा गर्ने नीति लिइनेछ |

२४३ नगरपालिका भित्र आकस्मिक रुपमा हुने मानवीय मृत्युमा पोष्टमार्टम लगायतका सेवा प्रदान गर्न शव बाहनको व्यवस्थापन गरिनेछ ।

२४४ नगरपालिका क्षेत्रमा रहेका सार्वजनिक जग्गाहरुको लगत राखिनेछ |

**सार्वजनिक निजी साझेदारी सम्बन्धी नीति**

२४५ ठाकुरबाबा नगरपालिका सार्वजनिक निजी साझेदारी ऐन,२०७९ बमोजिम सार्वजनिक निजी साझेदारी प्रारुपमा संचालन भैरहेको कृषि तथा पशुपालनमा आधारित साना किसान तथा युवा उद्यमशीलता परियोजना कार्यक्रमको निरन्तरताका साथै नया गर्न सकिने सम्भावित परियोजनाको पहिचान गरी कार्यान्वयन गरिनेछ |

अन्त्यमा,

ठाकुरबाबा नगरपालिकालाई जनअपेक्षा अनुरुप विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बिचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको सम्मिश्रणवाट नगरलाई समुन्नत र सबल पालिका बनाउने हाम्रो दृढ सङ्कल्प अविचलित छ । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण नगरवासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ । साथै नगरपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदारहरू, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ समुदाय, नगरपालिकाका कर्मचारी, मतदाता र सम्पूर्ण वुद्धिजीवी वर्गमा हार्दिक अपिल गर्दछु ।

धन्यबाद

**विना भट्टराई**

उपप्रमुख

२०८० असार ७